३. बचाउः– नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) बमोजिम यो ऐन निष्कृय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यो ऐन अन्तर्गत भए गरेका काम कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ।

इति सम्वत् २०१६ साल गते रोज शुभम्–

लालमोहर सदर मितिः २०१६।३।१५।६

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव,
कानून तथा न्याय मन्त्रालय ।

## श्री ५ को सरकार
## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०१६ सालको ऐन नं. ४

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली बिराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाह बहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

### राजकाज सम्बन्धी अपराध र सजायको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– शान्ति र व्यवस्था तथा अन्य राष्ट्रहरूसंगको सुसम्बन्ध कायम राख्न-समेत राजकाज सम्बन्धी अपराध र सजायको समयानुकूल व्यवस्था गर्नु आवश्यक भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ (१) (ख) बमोजिम यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम राजकाज (अपराध र सजाय) ऐन, २०१६ रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र जहांसुकै रहे बसेको भए तापनि सबै नेपाली नागरिकहरूलाई लागू हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राजपरिवार उपर आक्रमणः– श्री ५ महाराजाधिराज वा मौसूफका पटवन्धा महारानी वा राजपरिवारका अन्य सदस्यलाई जोसुकैले जोरजुलुम गरेमा वा थुन छेक गरेमा वा बल प्रयोग गरी त्राश देखाएमा वा सो कुराहरू गर्न उद्योग गरेमा मृत्यु दण्ड, जन्मकैद वा दशवर्षसम्म कैदै हुनेछ ।

३. सतित्व नाशः– कसैले श्री ५ महाराजाधिराजका पटवन्धा महारानी वा श्री ५ युवराजाधिराजका युवरानीको सतित्व नष्ट गरेमा वा सो गर्न उद्योग गरेमा मृत्यु दण्ड हुनेछ ।

४. राष्ट्र विप्लवः– (१) कसैले श्री ५ को सरकारलाई पल्टाउने वा नेपाल अधिराज्यको सार्वभौम सत्तामा खलल पार्ने मनशायले हातहतियार उठाई कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्न उद्योग गरेमा वा दुरुत्साहन दिएमा मृत्यु दण्ड वा जन्मकैद हुनेछ ।

(२) कसैले उपदफा (१) अन्तर्गतको अपराध गर्ने षडयन्त्र रचेमा वा सो गर्ने मनसायले मानिस हात हतियार खर खजाना जम्मा गरेमा जन्म कैद वा दश वर्षसम्म कैदै हुनेछ र दश वर्षसम्मको कैदै भएकोमा दशहजार रुपैयांसम्मको जरिवाना पनि हुनेछ ।

(३) उपदफा (१) वा (२) अन्तर्गतको अपराध गर्न प्रयोग वा जम्मा गरेको माल सामान सबै जफत हुनेछ ।

५. राष्ट्र विप्लव गर्ने मतलबका कुरा दबाउनेः– सुगम पारीदिने मनशायले वा सुगम हुन संभव जानी जानी कसैले कुनै काम गरी वा कानूनले गर्नुपर्ने नगरी दफा ४ बमोजिमको अपराध गर्ने मतलव भएको कुरा दबाएमा दश वर्षसम्म कैदै र दश हजार रुपैयांसम्म जरिवाना हुनेछ ।

६. राज द्रोहः– (१) कसैले लेखेर वा वचनले वा आकार चिह्नद्वारा वा अरू कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले श्री ५ महाराजाधिराज वा राजपरिवार प्रति घृणा द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा तीन वर्षसम्म कैदै वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले लेखेर वा वचन वा आकार चिन्हद्वारा वा अरू कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले श्री ५ को सरकारको काम कारवाइको उल्लेख गरी निराधार अप्रमाणिक कुरा देखाई श्री ५ को सरकार प्रति घृणा द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा दुई वर्षसम्म कैद वा दुई हजार रुपैयांसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

तर श्री ५ को सरकार प्रति घृणा द्वेष वा अवहेलना नगरी नगराई वा गर्ने उद्योग नगरी कुनै सरकारी नीति प्रशासकीय वा अरू काम कारवाइ कानूनी तवरले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिवर्तन गराउने उद्देश्यले सो बारे संयमपूर्ण भाषामा स्वस्थ आलोचना गरेमा यो उपदफा अन्तर्गत अपराध हुंदैन ।

७. मित्रराष्ट्र प्रति विद्रोहः– कसैले श्री ५ को सरकारको कुनै मित्रराष्ट्रका विरूद्ध हातहतियार उठाई विद्रोह गरेमा वा सो गर्न उद्योग गरेमा वा दुरूत्साहन दिएमा जन्म कैद वा सातवर्षसम्म कैद वा पांच हजार रुपैयांसम्म जरिवाना हुनेछ अथवा सात वर्षसम्म कैद गरी पांच हजार रुपैयाँसम्म जरिवाना पनि हुन सक्नेछ ।

८. मित्रराष्ट्रका राज्यभित्र लूटमार गर्नेः– कसैले श्री ५ को सरकारको कुनै मित्र-राष्ट्रको राज्यभित्र लूटमार गरेमा वा गर्न तयारी गरेमा सात वर्षसम्म कैद र पांच हजार रुपैयांसम्म जरिवाना हुनेछ र सो लूटमारमा प्रयोग भएको वा प्रयोग गर्न मनशाय गरिएको वा सो कामबाट प्राप्त भएको सम्पत्तिसमेत जफत हुनेछ ।

९. मित्रराष्ट्रको लूटमारको सम्पत्ति लिनेः– दफा ७ वा ८ मा उल्लेख भएका अपराध गरी प्राप्त गरेको सम्पत्ति भन्ने जानी जानी कसैले लिएमा त्यस्तो सम्पत्ति जफत गरी सात वर्षसम्म कैद र पांच हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

१०. श्री ५ को सरकारले तोकेको अदालतमा मात्र यो ऐन अन्तर्गतको अपराध सम्बन्धी मुद्दा दायर हुने र अपील बारेः– (१) श्री ५ को सरकारले तोकिदिएको अदालतमा बाहेक अन्य अदालतमा यो ऐन अन्तर्गत अपराध सम्बन्धी मुद्दा दायर हुन र चल्न सक्दैन र त्यस्तो अदालतको फैसला उपर सर्वोच्च अदालतमा अपील लाग्नेछ ।

(२) यो ऐन अन्तर्गतको अपराध सम्बन्धी मुद्दाको पुर्पक्ष बन्द इजलाशमा गर्नू भनी श्री ५ को सरकारले अदालतलाई आदेश दिन सक्नेछ र अदालतले त्यस्तो आदेशको पालन गर्नुपर्नेछ ।

११. खारेजी र बचाउः– (१) देहायका ऐन सवाल खारेज गरिएकोछः–

(क) सम्वत १९४५ साल मिति श्रावण बदी ३० रोज ३ को राजकाजको ऐन र त्यसमा भएको सम्वत १९६३ साल जेष्ठ १० गते रोज ४, सम्वत १९६६ साल कार्तिक १५ गते रोज १ र सम्वत १९९४ साल श्रावण २८ गते रोज ५ को संशोधन,

(ख) काठमाडौं उपत्यकाञ्चल कमिश्नर मेजिष्ट्रेटको सवाल, २००९ को दफा १ को संशोधित उपदफा (घ) को खण्ड (१) र (२) र उपदफा (ञ),

(ग) मध्येश गोस्वारा ऐन, २०१२ को दफा १ को उपदफा (र) को खण्ड (१) र उपदफा (ल),

(२) यस ऐनमा लेखिएदेखि बाहेक अरू कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

602 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।